**नेपाल खाद्य सुरक्षा अवस्थाको संक्षिप्त जानकारी**

**(श्रावण देखि कार्तिक २०७४)**

**कृषि विकास मन्त्रालय तथा विश्व खाद्य कार्यक्रम**
**नेपाल खाद्य सुरक्षा अनुगमन प्रणाली (NeKSAP)**
**संयुक्त अधिराज्य बेलायत (UK aid) सरकारको सहयोगमा सञ्चालित**

---

## १. वर्तमान अवस्थाः श्रावण देखि कार्तिक २०७४

### संक्षेप

धेरै जसो जिल्लाहरुमा नेपाल खाद्य सुरक्षा अनुगमन प्रणाली (NeKSAP) अन्तर्गत प्राविधिक कार्य समूह र/वा जिल्ला खाद्य सुरक्षा सञ्जालहरूको[१] बैठक मंसिर र पौष महिनामा सम्पन्न भयो र ती बैठकहरुले श्रावण देखि कार्तिक २०७४ सम्मको अवधिको खाद्य सुरक्षा अवस्थाको विश्लेषण र मंसिर देखि फाल्गुण २०७४ सम्मको खाद्य सुरक्षा अवस्थाको पूर्वानुमानको प्रक्षेपण गरे । जिल्ला खाद्य सुरक्षा सञ्जालहरूले खाद्य सुरक्षाको अवस्थालाई एकिकृत खाद्य सुरक्षा चरण वर्गिकरण (IPC) को विधि[२]मा आधारित रही तथा पुन: संरचनाले व्यवस्था गरे अनुसार स्थानिय सरकारको ढाँचामा आधारित रहि ६३ जिल्लाका ६०१ नगरपालिका तथा गाउँपालिकाहरुका हरेक वडाहरु (जम्मा ५,३४०) लाई न्यूनतम खाद्य असुरक्षित अवस्था (चरण १), मध्यम्स्तरीय खाद्य असुरक्षित अवस्था (चरण २), वा उच्चत्तम् खाद्य असुरक्षित अवस्था (चरण ३) मा वर्गीकरण गरे । यस अवधिमा कुनै पनि नगरपालिका तथा गाउँपालिकाहरुका वडाहरु खाद्य असुरक्षाका दृष्टिकोणले गम्भिर खाद्य असुरक्षित अवस्था (चरण ४) मा वर्गिकरण भएनन् । समग्रमा, जिल्ला खाद्य सुरक्षा सञ्जालहरूले ४२ वडाहरुलाई उच्चतम् खाद्य असुरक्षित (चरण ३), ३३१ वडाहरुलाई मध्यमस्तरीय खाद्य असुरक्षित (चरण २) र ४,९६७ वडाहरुलाई न्यूनतम खाद्य असुरक्षित (चरण १) को अवस्थामा वर्गीकरण गरे । खाद्य असुरक्षित क्षेत्रहरूको भौगोलिक विवरण **नक्शा १** मा हेर्नुहोस् । जिल्ला खाद्य सुरक्षा सञ्जालहरूले तयार पारेको विश्लेषणात्मक नतिजाहरुलाई पौष ३ देखि ११, २०७४ मा पाँचवटै विकास क्षेत्रमा संचालित चौमासिक समीक्षा बैठकहरुद्वारा प्रमाणित गरियो ।

### मुख्य बुँदाहरूः

श्रावण महिनाको २६ देखि २९ सम्म परेको अत्यधिक वर्षाले ३५ जिल्लाहरुमा गम्भिर प्रकृतिको बाढी पहिरो गयो । २८ जिल्लामा गरिएको प्रारम्भिक द्रुत सर्वेक्षणले (Initial Rapid Assessment) १४१ जनाको मृत्यु, ११७ जना घाइते, २४ जना हराएको र ४६०,९०० मानिसहरु विस्थापित भएको देखायो । आवासीय घर, भौतिक संरचना तथा उत्पादनशिल बस्तुहरुमा भएको क्षती पनि गम्भीर खालको थियो, सालाखाला ६५,००० घरहरु पूर्णरुपमा र १२०,००० आंशिकरुपमा क्षती भएको थियो (नेपाल रेडक्रस सोसाइटी, द्रुत सर्वेक्षण प्रतिवेदन, (४ भाद्र २०७४) । २०७४ कार्तिक महिनामा राष्ट्रिय योजना आयोगले निकालेको The Post Flood Recovery Need Assessment को प्रतिवेदन अनुसार बाढी पहिरोको चपेटामा परेका ३५ जिल्लाहरु मध्ये, १८ जिल्लाहरु (बाके, बारा, बर्दिया, चितवन, दाङ्ग, धनुषा, झापा, कैलाली, महात्तरी, मकवानपुर, मोरङ्ग, नवलपरासी, पर्सा, रौतहट, सप्तरी, सर्लाही, सिराहा र सुनसरी) गम्भिर रुपले प्रभावित भएका थिए । सालाखाला १९०,००० भन्दा बढी घरहरु पूर्णरुपमा र आंशिकरुपमा क्षती भएको थियो, दशौ हजार मानिसहरु विस्थापित र घरवार विहिन भएका

---

[१] जुम्ला, दैलेख, अर्घाखाँची, पूर्वी रुकुम, बाग्लुङ, दार्चुला, लम्जुंग, पाल्पा, मनाङमा प्राविधिक कार्यसमुह र /वा जिल्ला खाद्य सुरक्षा सञ्जालको बैठक हुन सकेन, र काठमाण्डौमा खाद्य सुरक्षा सञ्जालको गठन नभएको तथा विश्लेषणको समयमा तथ्यगत सूचनाको कमीलै बारा रौतहट, सर्लाही र धनुषामा प्राविधिक कार्यसमुह र जिल्ला खाद्य सुरक्षा सञ्जालको बैठकले निचोड गर्न सकेन ।

[२] चरण वर्गिकरण विधी मार्फत जिल्ला खाद्य सुरक्षा सञ्जालहरूले स्थापित प्रक्रिया र साधनहरूको प्रयोग गरी तथ्यगत सूचना सहमतिका आधारमा खाद्य असुरक्षाको गम्भिरतालाई पाँच चरणमा वर्गिकरण गर्दछन्: **न्यूनतम खाद्य असुरक्षित अवस्था (चरण १)-** यस अवस्थामा जीविकोपार्जनका पद्धतिहरू (उपायहरू) परिवर्तन नगरिकन घरधुरीहरूले खाद्य र गैह्र खाद्य आवश्यकताहरू पूरा गरिरहेका (धानी रहेका) हुन्छन्, **मध्यम्स्तरीय खाद्य असुरक्षित अवस्था (चरण २)-** यस अवस्थामा घरधुरीहरूले परम्परागत निर्वाह पद्धति अपनाएर न्यूनतम् खाद्य आवश्यकताहरू परिपूर्ति गर्न सक्छन्, तर केही अत्यावश्यक गैह्र खाद्य आवश्यकताका लागि भने पछि परिपूर्ति गर्न नसकिने खालका निर्वाहपद्धतिहरू नअपनाई उक्त आवश्यकता पूरा गर्न सक्दैनन्, **उच्चत्तम् खाद्य असुरक्षित अवस्था (चरण ३)-** यस अवस्थामा घरधुरीहरू खाद्य उपभोग अभावको उच्चतम अवस्थामा हुन्छन वा जीविकोपार्जनका साधनहरूको घट्दो परिस्थितिवाट मात्र न्यूनस्तरको खाद्य आवश्यकता पूरा गर्न सक्दछन्, **आपतकालीन वा गम्भिर खाद्य असुरक्षित अवस्था (चरण ४)-** यस अवस्थामा घरधुरीहरूले जीविकोपार्जनका साधनहरू नगुमाइकन खाद्य तथा गैह्र खाद्य आवश्यकताहरू परिपूर्ति गर्न सक्दैनन्; र **मानवीय आपतकालीन अवस्था (चरण ५):** यस अवस्थामा घरधुरीहरू खाद्य र अन्य आधारभूत आवश्यकताहरूको चरम अभावमा हुन्छन् जहाँ भोकमरी, अभाव, मुख्य स्रोतहरूको परिपूर्ति नहुने गरी क्षति भएको र मानवीय क्षति भएको प्रष्ट देखिन्छ ।

थिए । घरधुरीका सम्पत्तिहरु र अनाजहरु क्षतिग्रस्त भएका थिए भने प्रभावित समुदायहरुले खाद्यवस्तु, पानी र गैर खाद्य वस्तुहरुको अभाव झेल्नु परेको थियो । धेरै जना प्रदूषित पानीका कारणले संक्रमित भए ।

नेपाल खाद्यसुरक्षा अनुगमन प्रणालीले ७ देखि १३ भाद्र र २४ भाद्र देखि १ आश्विन २०७४ मा १५ जिल्लामा[3] सञ्चालन गरेको जिल्ला खाद्य सुरक्षा सञ्जालको तदर्थ बैठकहरुले ती जिल्लाका साविकका १,०४१ गाविस मध्ये सप्तरी जिल्लाका साविकका ८ गाविस गम्भीर खाद्य असुरक्षित (चरण ४), २५६ गाविस उच्चतम खाद्य असुरक्षित अवस्था (चरण ३) ३७३ गाविस मध्यमस्तरीय खाद्य असुरक्षित अवस्था (चरण २) र ४०४ गाविस तथा नगरपालिकाहरु न्यूनतम खाद्य असुरक्षित अवस्था (चरण १) मा बर्गिकरण गरे । यी जिल्लाहरुमा हालै सम्पन्न जिल्ला खाद्य सुरक्षा सञ्जालका बैठकहरुले समग्रमा खाद्य सुरक्षाको अवस्थामा सुधार आएको जनाएका छन्, विशेष गरी मोरङ्ग, सुनसरी, सिरहा, महोत्तरी र बाँकेमा उल्लेखनिय सुधार भई यी जिल्लामा कुनैपनि क्षेत्रहरु खाद्य सुरक्षाको हिसावले तेस्रो चरणमा नरहेको जनाए । सोही अनुरुप सप्तरी जिल्लामा पनि बिगतमा चौथो चरणमा बर्गिकृत भएका क्षेत्रहरुको अवस्थामा सुधार भई हाल तेस्रो चरणमा आएको जनाए ।

भूकम्प प्रभावित पश्चिमाञ्चल, मध्यमाञ्चल र पूर्वाञ्चल क्षेत्रका जिल्ला खाद्य सुरक्षा सञ्जालहरुले २०७२ बैशाखको भूकम्प पश्चात खाद्य सुरक्षा अवस्थामा क्रमिक रुपले सुधार आएको जनाएका छन् । यस अवधिमा खाद्य सुरक्षाको अवस्थामा सुधार हुनुमा बर्षे बालीहरुको कटानी (मकै, आलु, अगौटे धान), तथा जीविकोपार्जनका कृयाकलापहरुको पुन सञ्चालन हुनुलाई बताएको छ । यधपि, जिल्ला खाद्य सुरक्षा सञ्जालहरुले गोरखा जिल्लाका उत्तरी भेगका केहि क्षेत्रहरु भने उच्चतम् खाद्य असुरक्षित अवस्थामा (चरण ३) बर्गिकरण गरेका छन् ।

**निचोडहरू**

- जिल्ला खाद्य सुरक्षा सञ्जालले प्रदेश २ र ४ का ३ जिल्लाका १२ वटा पालिकाहरुका ४२ वटा वडाहरु (९ गोरखा, १७ पर्सा, र १६ सप्तरी ) लाई **उच्चतम् खाद्य असुरक्षित (चरण ३)** अवस्थामा बर्गिकरण गरी लगभग **५१,००० जनसंख्यालाई** मानवीय सहायताको आवश्यकता रहेको जनाए । चरण ३ यस्तो अवस्था हो जहाँ खाद्य उपभोगको अभावको अवस्था सामान्य अवस्था भन्दा धेरै बढि हुन्छ र घरधुरीहरूले तीव्ररुपमा जीवनयापनका साधनहरू गुमाएर मात्र न्यूनतम् खाद्य आवश्यकता पूरा गर्न सक्दछन् । जिल्ला खाद्य सुरक्षा सञ्जाल गोरखाले यस्तो अवस्था हुनुमा भूकम्पको दीर्घकालिन प्रभावका साथै खाद्य सुरक्षामा असर पार्ने अन्य तत्व जस्तै सुस्त गतिको पुनर्निर्माण, दयनीय वासस्थानको अवस्था र कमजोर सरसफाइको अवस्था रहेको जनाए । बाढी प्रभावित जिल्लाका खाद्य सुरक्षा सञ्जालहरुले भने खाद्य सुरक्षाको यस्तो अवस्था रहनुमा बाढीको प्रभाव जस्ले घरधुरीहरुको सञ्चित खाद्यवस्तुको अनाजको उल्लेखनीय रुपमा भएको क्षती साथै अन्य जीविकोपार्जनका उपायहरु जस्तै खडा बाली, तरकारी खेती, माछा पालन र पशुपक्षीको नोक्सानीलाई जनाए । उदाहरणका लागि जिल्ला खाद्य सुरक्षा सञ्जाल पर्साले माछा, तरकारी र धानमा करीव रु ४५ करोड ६० लाख बराबरको नोक्सानी भएको जनाए । जिल्ला खाद्य सुरक्षा सञ्जालले बाढी पश्चात स्वास्थ्य, सरसफाई र बाल कुपोषणका कारणले पनि खाद्य सुरक्षाको अवस्थामा प्रभाव पारेको जनाए । उदाहरणका लागि जिल्ला जनस्वास्थ्य कार्यालयको प्रतिबेदन अनुसार सप्तरी जिल्लामा मध्यम स्तरको शीघ्र कुपोषण (MAM) १४.४ प्रतिशत रहेको देखियो[4] ।

- जिल्ला खाद्य सुरक्षा सञ्जालहरूले १४ जिल्लाका धेरै वडाहरु (३३१) लाई **मध्यमस्तरीय खाद्य असुरक्षित (चरण २)** अवस्थामा वर्गीकरण गरे । चरण २ यस्तो अवस्था हो, जहाँ घरधुरीहरूले परम्परागत निर्वाहपद्धति अपनाएर न्यूनतम् खाद्य आवश्यकताहरू परिपूर्ति गर्न सक्दछन्, तर केही अत्यावश्यक गैर खाद्य आवश्यकताका लागि भने घरधुरीहरूले पछि परिपूर्ति गर्न नसकिने खालका निर्वाहपद्धतिहरू नअपनाई उक्त आवश्यकता पूरा गर्न सक्दैनन् । मध्यमस्तरीय खाद्य असुरक्षित (चरण २) अवस्थामा रहेका वडाहरु निम्न अनुसार रहेका छन्: धादिङका १८, दोलखाका १३, डोल्पाका २२, गोरखाका ५, कालिकोटका १९, महोत्तरीका ६१, मुगुका १३, नुवाकोटका २२, पर्साका २६, रसुवाका २, सप्तरीका ४४, सिन्धुपाल्चोकका ४७, सिरहाका २३ र सुनसरीका १६ ।

---

[3] झापा, मोरङ, सुनसरी, सप्तरी, सिरहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा, पर्सा, चितवन, बाँके, बर्दिया र कैलाली ।

[4] जिल्ला स्वास्थ्य सेवा कार्यलयका तथ्याङ्कमा आधारीत ।

- जिल्ला खाद्य सुरक्षा सञ्जालहरूले बाँकी गाउँपालिका र नगरपालिकाका वडाहरु (४,९६७) लाई **न्यूनतम खाद्य असुरक्षित (चरण १)** अवस्थामा वर्गीकरण गरे । यो त्यस्तो अवस्था हो, जहाँ घरधुरीहरूले जीविकोपार्जनका पद्धतिहरू (उपायहरू) परिवर्तन नगरिकन खाद्य र गैह्र खाद्य आवश्यकताहरू पूरा गर्न सक्दछन् । ती घरधुरीहरूले आफ्नो सामाजिक, प्राकृतिक तथा आर्थिक हैसियतका कारण खतरा, प्रकोप, संकट, माहामारी र द्वन्द वा हिंसाका कारण हुन सक्ने सानो स्तरका तनावहरू झेल्न सक्दछन् । ती क्षेत्रहरू न्यूनतम खाद्य असुरक्षित (चरण १) अवस्थामा हुनका कारणहरुमा गहुँ, मकै, आलुको  पर्याप्त सञ्चिति तथा कृषि र गैह्र कृषिजन्य आम्दानीले गर्दा खाद्य उपलब्धता र पहुँचको अवस्थामा सुधार आउनुका साथै प्राकृतिक र मानवीय प्रकोप न्यून रही उपयोग र स्थीरताको स्थिती सामान्य हुनाले हो ।

नक्सा १: नेपालको खाद्य सुरक्षा अवस्था (श्रावण देखि कार्तिक २०७४)



## २. पूर्वानुमानः मंसिर देखि फाल्गुण २०७४

### संक्षेप

जिल्ला खाद्य सुरक्षा सञ्जालहरूले, हालको अवस्था र भावी परिदृष्यका आधारमा आगामी अवधि (मंसिर देखि फाल्गुण २०७४ सम्मको) खाद्य सुरक्षा अवस्थाको पूर्वानुमान गरेका छन् । देशको महत्वपूर्ण अन्न बर्षे बाली मकैको उत्पादन गत बर्षको तुलनामा ९.४ प्रतिशतले बृद्धि भई गत सालको उत्पादन २,३३६,६७५ मे.टन. बाट बढेर यस बर्ष २,५५५,८४७ मे.टन. भयो जसले घरपरिवारको खाद्य भण्डारलाई आंशिक रुपमा भएपनि पूरा गर्ने छ । यो अवधिमा नेपालको प्रमुख बाली, धान भित्रिने छ । धान रोपाइको वेला न्यून बर्षा, पछिल्लो चरणमा भिषण बाढीबाट खडाबालीमा भएको नोक्सानी तथा जमिन कटानीले गर्दा धान बालीको उत्पादन घट्ने अपेक्षा गरिएको छ । धान उत्पादनको दोश्रो प्रारम्भिक पूर्वानुमान (मंसिर ४, २०७४) ले धानको उत्पादन ४९,६९,७०० मेट्रिक टन रहने अर्थात गत बर्षको उत्पादन ५२,२६,६४७ मेट्रिक टनको दाँजोमा ४.९ प्रतिशतले कमि हुने प्रक्षेपण गरेको छ ।

### निचोडहरू

जिल्ला खाद्य सुरक्षा सञ्जालले मंसिर देखि फाल्गुणको अवधिमा कुनैपनि क्षेत्र चरण ४ मा बर्गिकृत नहुने पूर्वानुमान गरेका छन् र उच्चतम खाद्य असुरक्षित (चरण ३) मा बर्गिकरण हुन सक्ने वडाको संख्या २८ (हालको ४२ बाट घटेर) हुने र मध्यमस्तरीय खाद्य असुरक्षित अवस्था (चरण २) मा बर्गिकरण हुने वडाहरु पनि १८१ (हालको ३३१ बाट घटेर) हुने पूर्वानुमान गरेका छन् ।

- जिल्ला खाद्य सुरक्षा सञ्जालले बाढी प्रभावित क्षेत्रहरुमा खाद्य सुरक्षाको अवस्थामा सुधार हुने र कर्णालीको कालीकोट जिल्लामा भने खाद्य सुरक्षाको अवस्था खस्कन सक्ने पूर्वानुमान गरेको छ । जिल्ला खाद्य सुरक्षा सञ्जालले प्रदेश ४ र ६ का २ जिल्लाका २८ वडाहरु (गोरखाका ९, कालिकोटका १८) **उच्चतम् खाद्य असुरक्षित (चरण ३)** को अवस्थामा वर्गीकरण हुनसक्ने पूर्वानुमान गरेका छन् । हिउँदे शीतलहर जुन, तराइको मौसमी प्रकृया हो, ले बाढी प्रभावित जिल्लामा खाद्य सुरक्षा अवस्थालाई थप जटिल बनाउन सक्ने अनुमान छ । जिल्ला खाद्य सुरक्षा सञ्जालले कालीकोट जिल्लाको खस्कँदो खाद्य सुरक्षा पूर्वानुमानका लागि बाली उत्पादनको रिक्त समय, घरधुरीको खाद्य सञ्चितिमा गिरावट र गैह्रकाष्ठ वन पैदावरबाट हुने न्यून आय जस्ता कारणलाई ठहऱ्याएका छन् । बाढी प्रभावित जिल्लाको खाद्य सुरक्षा अवस्था सुधारको पूर्वानुमानमा बाली भित्रिने तथा बाढी पश्चातको विकास निर्माण कार्यले दिने रहेका छन् ।
- जिल्ला खाद्य सुरक्षा सञ्जालहरुले १२ जिल्लाका १८१ वडाहरु (अछामका १६, बझाङका १३, बाजुराका २९, डोल्पाका २२, डोटीका १३, गोरखाका ५, हुम्लाका ७, मुगुका १३, मुस्ताङका २५, पर्साका १७, सप्तरीका १६, र सिन्धुपाल्चोकका ५) **मध्यमस्तरीय खाद्य असुरक्षित अवस्था (चरण २)** मा बर्गिकरण हुन सक्ने जनाएका छन् ।
- जिल्ला खाद्य सुरक्षा सञ्जालहरुले देशको अन्य भाग **न्यूनतम खाद्य असुरक्षित** अवस्थामा वर्गिकरण हुने जनाए । ती क्षेत्रमा घरधुरीले खाद्यवस्तुको आवश्यकता, हिउँदे बाली र बजारबाट खरिद गरी परिपुर्ति गर्नेछन् । भदौ/असोज महिनामा भित्रिएको मकै बालीले पनि खाद्य सञ्चितिमा सकारात्मक प्रभाव पार्नेछ ।

## ३. पृष्ठभूमिः

नेपालमा, नेपाल खाद्य सुरक्षा अनुगमन प्रणाली (NeKSAP) ७७ मध्ये ७४ जिल्लाहरुमा जिल्ला खाद्य सुरक्षा सञ्जालहरू सहित सञ्चालनमा रहेका छन् । राष्ट्रिय योजना आयोगको रणनीतिक निर्देशनमा कृषि विकास मन्त्रालयले NeKSAP कार्यान्वयन गरिरहेको छ । संयुक्त अधिराज्य बेलायत (UK aid) को आर्थिक सहयोगमा विश्व खाद्य कार्यक्रमले NeKSAP को लागि प्राविधिक सहयोग प्रदान गरिरहेको छ । थप साझेदार संस्थाहरूमा, केन्द्रीय तथ्याङ्क विभाग (CBS), खाद्य तथा कृषि संगठन (FAO), Unicef, राष्ट्रिय पोषण तथा खाद्य सुरक्षा सचिवालय (NNFSS), ICIMOD / CGIAR, कृषि तथा जलवायु अनुसन्धान कार्यक्रम, कृषि तथा खाद्य सुरक्षा (CCAFS) रहेका छन् ।

जिल्ला खाद्य सुरक्षा सञ्जालहरूले NeKSAP खाद्य सुरक्षा चरण वर्गिकरण विधिको प्रयोग गरी प्रत्येक चौमासिकमा खाद्य असुरक्षाको गंभिरताको वर्गिकरण गरी कारणहरु पनि विश्लेषण गर्दछन् । बृहत प्रकोपका घटनाहरुमा तदर्थ बैठकहरु मार्फत पनि NeKSAP ले खाद्य सुरक्षा विश्लेषण गर्ने गर्दछ, जस्तैः २०७२ बैशाखको विनाशकारी भूकम्प तथा २०७४ भाद्र महिनाको

बाढी पश्चात । खाद्य सुरक्षासम्बन्धी बृहत्तर जानकारीका लागि भने उपलब्ध सूचनाहरू सहित दीर्घकालिन खाद्य असुरक्षा, कुपोषण (Undernutrition) र गरीबी सम्बन्धी जानकारी दिने श्रोत सामाग्रीहरू पनि अध्ययन गर्नु उपयूक्त हुन्छ, जस्तै 2016 Nepal Demographic and Health Survey (NDHS), 2010/11 Nepal Living Standard Survey (NLSS), 2015 Small Area Estimation of Food Insecurity and Undernutrition in Nepal, 2015 IPC Chronic Food Insecurity Analysis and 2014 Nepal Multiple Indicator Cluster Survey.